मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २८ ◆ अङ्क : ६० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ माघ ३ गते मंगलबार (Tuesday, January 17. 2023) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## आमसञ्चार सम्मान चूडामणि रेग्मीलाई



**बिर्तामोड, माघ २।** शब्दयात्रा प्रकाशनले 'शब्दयात्रा आमसञ्चार सम्मान, २०७९' भाषासेवी, साहित्यकार तथा पत्रकार चूडामणि रेग्मीलाई समर्पण गर्ने भएको छ।

लामो समयसम्म पत्रकारिता क्षेत्रमा संलग्न रही 'युगज्ञान', 'जूही' र अन्य पत्रिकाका माध्यमबाट नेपाली भाषा, साहित्य र साहित्यिक पत्रकारिताको एकसाथ सेवा गरेका

*(बाँकी अन्तिम पृष्ठमा)*



**च्याब्रुङ नृत्य प्रस्तुत गर्दै युवाः** च्याब्रुङ नृत्य प्रस्तुत गर्दै मोरङ उर्लाबारीका लिम्बू युवा। **तस्वीरः यज्ञराज आङ्देम्बे/रासस**

### बिमान दुर्घटना : तीन अझै वेपत्ता

# सबै एटीआर विमानको जाँच, छानविन शुरु

**झापा, माघ २।** आइतवार भएको यती एयरलाइन्सको एटीआर जहाज दुर्घटनापछि सुरक्षाकर्मीले सोमबार साँझसम्म ६९ जना यात्रुको शव निकालेका छन्।

पोखराको घारीपाटनस्थित सेती खोँचमा खसेर भएको यतीको जहाज दुर्घटनालगत्तै थालिएको उद्धार कार्य जटिल भूगोल भएका कारण चुनौतिपूर्ण रहेको सशस्त्र प्रहरीले जनाएको छ। सशस्त्र प्रहरीका सहायक प्रवक्ता डीएसपी शैलेन्द्र थापाका अनुसार सोमबार साँझसम्ममा ६९ जना यात्रुको शव घटनास्थलबाट निकालेर पश्चिमाञ्चल स्वास्थ्य विज्ञान प्रतिष्ठानमा राखिएको छ। जसमध्ये २१ शवको पोखरामै पोष्टमार्टम गरी आफन्तलाई बुझाइने छ।

यो दुर्घटनापछि सेती खोँचमा परेर बेपत्ता भएका तीनजना यात्रु अझै फेला पर्न नसकेको डीएसपी थापाले बताए। उनका अनुसार ती यात्रुको खोजीकार्यलाई मंगलबार पनि निरन्तरता दिइने छ। 'बाँकी ३ जनाको खोजी कार्य जारी रहेको छ'- उनले भने- 'भोलि पनि खोजी कार्यलाई जारी राख्छौं।'

थापाका अनुसार सोमबार घटनास्थलबाट एउटा खुट्टा, एउटा हात र करङ फेला परेको छ। तर, ती अंग एउटै व्यक्तिको हो वा फरक भन्ने खुलेको छैन। सोमबारसाँझ परेसँगै खोजी कार्य स्थगित गरिएको थापाले बताएका छन्।



**सबै एटीआर विमानको जाँच**

माघ २ गतेका लागि यती एअरलाइन्सले दुर्घटनाको 'शोकमा' भन्दै आफ्ना सम्पूर्ण उडानहरू रद्द गरेको छ। यती एअरलाइन्ससँग हाल सबै एटीआर कम्पनीका एकै प्रकारका ७२ सीट क्षमताका जहाज छन्।

उक्त कम्पनीसँग बाँकी रहेका ५ एटीआर र बुद्ध एअरका १४ गरी १९ वटाको जाँच गर्दा त्यसमा कुनै समस्या देखा परेन- नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाले भने।

नेपालमा एटीआर-४२ र एटीआर-७२ विमानहरू सञ्चालनमा छन्। आइतबार प्रधानमन्त्री पुष्पकमल दाहालले समेत 'सबै हवाई जहाजहरूको प्राविधिक परीक्षण अनिवार्य गर्न' मन्त्रिपरिषद् बैठकले निर्देशन दिँदै त्यसको अनुगमनको जिम्मेवारी नागरिक उड्डयन प्राधिकरणलाई दिइएको जनाएका थिए।

**छानबिन शुरु**

घटनास्थलबाट सङ्कलन गरिएको उडानका विवरण र ककपिटमा भएका संवाद रेकर्ड हुने ब्ल्याक बक्स सोमवार नै जाँचबुझ आयोगलाई बुझाइएसँगै उसको काम शुरु भएको बताइएको छ।

मन्त्रिपरिषद्ले दुर्घटना भएकै दिन आइतबार पूर्वसचिव नगेन्द्रप्रसाद घिमिरेको संयोजकत्वमा एक जाँचबुझ आयोग गठन गरेको थियो।

समितिका सदस्य सचिव रहेका संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछानले जाँचबुझ 'शुरु भइसकेको' र 'केही संवेदनशील तथ्यगत समस्या पाइएमा अन्तरिम प्रतिवेदन समयसीमा अगावै बुझाउन सकिने' बुझाए। पाँच सदस्यीय उक्त समितिलाई ४५ दिनभित्र दुर्घटनाको कारण र आगामी दिनमा त्यसो हुन नदिनका लागि सुझावहरू पेश गर्न भनिएको छ। आयोगका सदस्यहरू अध्ययनका लागि मंगलवार पोखरा जाने कार्यसूची रहेको बताइएको छ।

**'विमान दुर्घटनाले नेपालको हवाई र पर्यटन क्षेत्रमा ठूलो धक्का'**

नेपालका पर्वतीय पर्यटनको छाता संस्था ट्रेकिङ

*(बाँकी अन्तिम पृष्ठमा)*

## मन्दिरमा भाञ्जाको बलि !

**काठमाडौं, माघ २।** सल्यानको बनगाड कुपिण्डे नगरपालिका-१०मा मामाले भाञ्जाको हत्या गरेका छन्।

कुपिण्डे-१०स्थित माझकाँडा बस्ने ३४ वर्षीय डम्बर पुरीले सोही गाउँका ८ वर्षीय भिजन घर्तीको हत्या गरेका हुन्। नातामा उनीहरु मामा भाञ्जा हुन्। हत्या आरोपमा डम्बर पुरीलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सल्यानका प्रहरी निरीक्षक गोपाल श्रेष्ठले जानकारी दिए। डम्बरको घर नजिकै मन्दिरबाट प्रहरीले भिजनको शव बरामद गरेको छ।

खुर्पाले रेटेर हत्या गरिएको पुजनको टाउको र शरीर लगभग छुट्टिएको छ। छालाको भागले टाउको अड्याएको अवस्थामा शव भेटिएको प्रहरी निरीक्षक श्रेष्ठले जानकारी दिए। स्थानीयले

*(बाँकी अन्तिम पृष्ठमा)*

## कक्षा १०की छात्रा मृत फेला

**खोटाङ, माघ २।** हलेसी तुवाचुङ नगरपालिकाकी एक किशोरी मृत फेला परेकी छन्।

हलेसी तुवाचुङ नगरपालिका-७ महादेवस्थान काभ्रेकी १७ वर्षीया रञ्जिता दाहाल घर नजिकैको खन्युको रुखमुनि सोमबार बिहान मृत फेला परेकी हुन्।

आइतबार हलेसीस्थित महेन्द्रोदय माविबाट घर फर्किएकी किशोरी दिउँसो चार बजेतिरबाट बेपत्ता भएको हलेसी तुवाचुङ नगरपालिकाको प्रमुख बिमला राईले बताइन्। कक्षा १०मा अध्ययनरत् उनी आफ्नै कक्षाले मंगलबार गतेदेखि आयोजना गर्ने फुटबलको तयारीमा रहेकी राईले सुनाइन्। किशोरीको ओठ, आँखा, घाँटीमा चोट देखिएको तथा सलको एक टुक्रा रुखको हाँगामा र एक टुक्रा घाँटीमा फेला परेको स्थानीयले बताएका छन्।

## बाह्रदशीमा सेल रोटी महोत्सव

**झापा, माघ २।** बाह्रदशी गाउँपालिकामा रहेको जनचेतना मूल कृषक समूहले सेल रोटी महोत्सव सम्पन्न गरेको छ।

माघे संक्रान्तिको अवसरमा गत वर्षदेखि सेल रोटी महोत्सव मनाउन शुरु गरिएको हो। महोत्सवमा तीन क्वीन्टल चामलको पिठोबाट सेलरोटी तयार गरेर निःशुल्क वितरण गरिएको कार्यपालिका सदस्य लक्ष्मी निरौला अधिकारीले जानकारी दिइन्।

सो कृषक समूहमा बाह्रदशीका २४ वटा कृषक समूह आवद्ध छन्। जनचेतना मूल कृषक समूहका अध्यक्ष राजन लामिछानेको अध्यक्षता तथा गाउँपालिका उपाध्यक्ष शान्ता खरेल शिवाकोटीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा वडाध्यक्षहरु, कार्यपालिका सदस्यहरु, वडा सदस्यहरु, निवर्तमान जनप्रतिनिधिहरु, विभिन्न संघ-संस्थाका प्रतिनिधिहरु, व्यवसायीलगायतको

*(बाँकी अन्तिम पृष्ठमा)*

## 'पेट्रोलियम व्यवसायी पलायन हुँदै'




**बिर्तामोड, माघ २।** नेपाल पेट्रोलियम डिलर्स राष्ट्रिय एशोसिएशनको अध्यक्ष लीलेन्द्रप्रसाद प्रधानले सरकारको अव्यवहारिक नीतिका कारण पेट्रोलियम व्यवसायीहरु पलायन हुने अवस्थामा पुगेको बताएका छन्।

मेची पेट्रोलियम डिलर्स एशोसिएशनको १५औं वार्षिक साधारणसभा तथा पाँचौ अधिवेशनलाई सोमबार बिर्तामोडमा सम्बोधन गर्दै प्रमुख अतिथि प्रधानले पेट्रोलियम पदार्थको मूल्य समायोजन वैज्ञानिक हुन नसक्दा व्यवसायीहरु मारमा परेको बताए।

उनले भने- 'लगानी अनुसारको प्रतिफलको अवस्था छैन, सरकारले झ्याल-ढोका बन्द गरेर व्यवसाय गर भनिरहेको अवस्था छ।' अहिले व्यवसायीहरुले सेवा मात्र गरिरहेको र व्यवसायीको सहायक व्यवसायले पेट्रोलियम व्यवसाय थामिएको उनले जिकिर गरे। उनले व्यवसायीका समस्या सम्बोधन गरेर अघि बढ्न सरकारको ध्यानाकर्षण समेत गराए।

एशोसिएशनका अध्यक्ष नवीन कोइरालाको अध्यक्षतामा भएको कार्यक्रममा मेची पेट्रोलियम

*(बाँकी अन्तिम पृष्ठमा)*

## कोइराला पुनः निर्विरोध अध्यक्ष



**बिर्तामोड, माघ २।** मेची पेट्रोलियम डिलर्स एशोसिएशनको अध्यक्षमा पुनः नवीन कोइराला निर्विरोध निर्वाचित भएका छन्। आगामी तीन वर्षे कार्यकालका लागि कोइराला पुनः निर्विरोध निर्वाचित भएका हुन्।

एशोसिएशनको वरिष्ठ उपाध्यक्षमा टीकाराम पिठाकोटे र उपाध्यक्षमा भूपालराज कटुवाल निर्विरोध चयन भएका छन् भने महासचिवमा बिनोद बस्नेत

*(बाँकी अन्तिम पृष्ठमा)*

## प्रदेश १को नाम 'लिम्बूवान किरात खम्वुवान' राख्न माग



**झापा, माघ २।** संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च नेपालको स्वयम्सेवक संगठन संघीय भोलेन्टियर्सले प्रदेश नम्बर १को नाम 'लिम्बुवान, किराँत खम्वुवान' राख्न माग गरेको छ।

विगत लामो समयदेखि पहिचानको आधारमा लिम्बुवानसहितको १०+१ प्रान्त स्थापना गरिनुपर्ने माग गर्दै आएको संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च नेपालको राष्ट्रिय मूल एजेण्डा रहेको बताउँदै भोलेन्टियर्सले सोमवार झापाको बिर्तामोडमा पत्रकार सम्मेलनको आयोजना गर्दै यस्तो माग अघि सारेको हो।

प्रदेश १को नाम 'लिम्बुवान, किरात, खम्वुवान' राख्न पार्टीले निरन्तर सडकदेखि सदनसम्म शान्तिपूर्ण आन्दोलनका कार्यक्रम सञ्चालन गरिरहेको भन्दै माग पूरा नभएसम्म शान्तिपूर्ण आन्दोलन जारी रहने पार्टीका केन्द्रीय उपाध्यक्ष तथा लिम्बुवान भोलेन्टियर्स कमाण्डर याङसाङ्ग लावतीले बताए। उनले पहिचानको मूल आधार भनेकै भाषा रहेको र याक्थुङ्वा लिम्बू लगायतका अन्य रैथाने भाषालाई लोकसेवासंग आवद्ध गर्न समेत माग गरे।

हजारौं वर्ष अघिदेखि यहाँका रैथाने याक्थुम्बा (लिम्बू) जातिले आस्थाको धरोहर मान्दै आएको पवित्र भूमि 'मुकुम्लुङ' मा आर्थिक उपार्जन र विकासको खोक्रो नारा लिएर केवुलकार सञ्चालन गर्ने तयारी गरेको भन्दै त्यसको

*(बाँकी अन्तिम पृष्ठमा)*

# बिर्तामोडमा अन्तर्राष्ट्रिय महोत्सवको तयारी

**झापा, माघ २।** कोरोना कहरका कारण थलिएको व्यापार व्यवसायलाई चलायमान बनाउने उद्देश्यले झापाको बिर्तामोडमा अन्तर्राष्ट्रिय औद्योगिक व्यापार महोत्सवको आयोजना हुने भएको छ।

झण्डै ४५ करोड रुपैयाँको कारोवार गर्ने गरी नेपालसहित बंगलादेश, भारत तथा पाकिस्तानका व्यवसायीलाई सहभागी गराउँदै महोत्सवको आयोजना गर्न लागिएको सोमवार बिर्तामोडमा पत्रकार सम्मेलनको आयोजना गर्दै जानकारी गराइएको हो। महोत्सव यही फागुन ५ गतेदेखि १५ गतेसम्म आयोजना गर्न लागिएको बिर्तामोड अन्तराष्ट्रिय औद्योगिक व्यापार महोत्सव २०७९ का संयोजक राजु न्यौपानेले बताए। महोत्सव बिर्तामोड-२को चारपाने र रामचोकको मध्य भागमा हुने बताइएको छ।

महोत्सवमा तीन लाख दर्शकले अवलोकन गर्नुका साथै २ सय ५० वटा स्टलहरु रहने संयोजक न्यौपानेले जानकारी दिए। दोस्रो र तेस्रो मुलुकसँगको निर्यात व्यापारलाई बढावा दिने, आन्तरिक व्यापारलाई चलायमान गराउने, आन्तरिक पर्यटन




प्रवर्द्धन गर्ने, सांस्कृतिक र ऐतिहासिक महत्वका स्थलहरुको प्रचारप्रसार गर्ने महोत्सवको उद्देश्य रहेको बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष प्रकाश शिवाकोटीले बताए।

महोत्सवको स्टलहरु आधुनिक, लेमिनेटेड पार्टिसनसहितको र अक्टोनर्म र डोम डिजाइनको स्टल रहने महोत्सवका व्यवस्थापक ललित सिंखडाले जानकारी दिए। उनले स्टलका दुईवटा ह्यांगर हुने बताएका छन्।

प्रदर्शनी तथा बिक्री कक्ष, सांस्कृतिक तथा सांगीतिक क्षेत्र, बालउद्यान तथा मनोरञ्जन क्षेत्र र खानपान क्षेत्र गरी महोत्सव स्थललाई चार भागमा विभाजन गरिएको नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य उमेश डालमियाले जानकारी दिए।

बिर्तामोड उद्योग वाणिज्य संघले नेपाल उद्योग वाणिज्य महासंघ र प्रदेश १सँगको सहकार्यमा महोत्सव आयोजना गर्न लागेको हो। संघले यसअघि २०७५ साल माघ ११देखि २३ गतेसम्म बिर्तामोडमा अन्तर्राष्ट्रिय औद्योगिक व्यापार महोत्सव आयोजना गरेको थियो।

महोत्सवको मूल प्रवेशद्वारमा मुक्तिचोकको आकृति राखिने, सेल्फी जोन निर्माण गरिने बताइएको छ। महोत्सवमा अटोमोबाइल्स, बैंक तथा वित्तीय संस्था, मोबाइल, इलेक्ट्रोनिक्स तथा आइटी, निर्माण सामग्री, औद्योगिक उपकरण, कृषि तथा जडीबुटी, पर्यटन, दैनिक उपभोग्य वस्तुहरु, जुत्ताचप्पल, हस्तकला तथा तयारी पोशाक आदि महोत्सवमा राखिने जनाइएको छ।

**हाडजोर्नी तथा नशा रोगको सफल उपचार**

**सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक।

**बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,**

**दैनिक ओपीडीमा डा. विनय प्रधान, डा. भगवान शाह र अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा।**

***दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ।***

पूर्वाञ्चल

**सम्पादकीय**


## हवाईयात्रा सुरक्षित गर

**नेपालको हवाई यात्रा जोखिमपूर्ण छ भन्ने भनाइलाई माघे संक्रान्तिकै दिन भएको हवाई दुर्घटनाले थप बल पुऱ्याएको छ । यसै पनि अन्तर्राष्ट्रिय नागरिक उड्डयन प्राधिकरण (आईकाओ)ले नेपाली आकाशलाई जोखिमपूर्ण र असुरक्षित भनेको छ भने युरोपियन युनियन (ईयू)ले पनि नेपाललाई 'कालो सूची' मै राखिरहेको छ । यही अवस्थामा काठमाण्डूबाट पोखराका लागि उडेको यतीको विमान अवतरणका क्रममा दुर्घटनाग्रस्त भयो । आन्तरिक उडानमा रहेको विमान दुर्घटनामा परी बहत्तर जनाले जीवन गुमाएको यो घटनाले नेपाली आकाश असुरक्षित नै हो त ? सवाल खडा गरेको छ । यद्यपि दुर्घटना आकस्मिक, अप्रत्याशित र अकल्पनीय अवस्था हो, जो जहाँ, जहिले र जुनै परिस्थितिमा पनि हुनसक्छ । यसको दुष्चक्रबाट कोही पनि जोगिन सक्दैन । त्यसमा पनि प्रभावकारी उपकरण, व्यवस्थापन तथा सुरक्षित हवाईयात्राका लागि केन्द्रीत संयन्त्र निर्माणमा सरकार गम्भीर नहुँदा हामीकहाँ यो अवश्यांभावी जस्तै छ ।**

**बालबालिकासहित बहत्तर जना सवार यतीको सो विमान अवतरण गर्ने क्रममा दुर्घटनामा पऱ्यो । भर्खरै उद्घाटन गरिएको अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण हुनुअघि धावनमार्गको साटो सेतीको खोंचमा खस्न पुग्दा विमानमा सवार यात्रुको दुखद् निधन भयो । अन्तर्राष्ट्रिय विमानस्थल नजिकै भएको दुर्घटनामा उद्धार गर्न आवश्यक पर्ने सामग्री, दक्ष जनशक्ति तथा उपकरण नहुँदा सबैले जीवन गुमाउन बाध्य हुनुपऱ्यो । नजिकै भएर पनि आपतकालीन सामग्रीको अभावमा जनशक्ति हुँदाहुँदै 'टुलुटुलु' हेरेर बस्नुपर्ने बाध्यताले प्रदेश तथा संघीय सरकारको अक्षमताको प्रदर्शन गऱ्यो । हवाइ सेवाको इतिहासमा आन्तरिक उडानतर्फको सबैभन्दा ठूलो यो दुर्घटनाले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको भविष्यमाथि नै आशंका जन्माएको छ । अहिलेसम्म मानवीय क्षतिका हिसाबले सबैभन्दा ठूलो यो भन्दा अघि नेपाली आकाशमा एक सयभन्दा बढी दुर्घटना भइसकेका थिए ।**

**दुर्घटना कसैका लागि पनि सुखद् हुँदैन । यसले आर्थिक, शारीरिक, मानसिक, भौतिक तथा मानवीय क्षति नै गराउँछ । तर, मानिस चाहन्छ विगतका अनुभवबाट सिकेर भविष्यमा सुरक्षित हुन सकियोस् । त्यसका लागि व्यक्तिदेखि, राज्य तथा सरोकारवाला निकाय पनि सचेत, सजग र जिम्मेवार हुनैपर्छ । यस क्षेत्रका जानकार तथा विज्ञहरुले पनि हवाई दुर्घटनाका मुख्य कारणहरु मानवीय त्रुटि, भौगोलिक बनावट, मौसमको प्रतिकूलता, सूचनाको कमी, पुराना जहाज र उपकरणको अभाव बताएका छन् । तर, सरकार तथा सेवा प्रदायक कम्पनीहरु त्यसतर्फ गम्भीर देखिँदैनन् । जब दुर्घटना हुन्छ तब छानविन समिति बनाउने सरकार पनि समितिको प्रतिवेदन कार्यान्वयन गर्नेतर्फ चासो दिँदैन । यसका कारण पटक-पटक गरेर झण्डै एक हजार जनाले ज्यान गुमाउनु परेको यथार्थ र त्यसबाट भएको असाधारण तथा अपूरणीय क्षतिप्रति सरकार गम्भीर बनोस् । जोखिमपूर्ण र असुरक्षित भनिँदै आएको हवाईयात्रा विश्वासिलो र सहज बनोस् । आइतबार भएको हवाई दुर्घटनामा जीवन गुमाएकाहरुप्रति श्रद्धाञ्जली ।**

# शैक्षिक प्रणाली तथा गुणात्मक जनशक्ति विकास



**इश्वरीप्रसाद पोखरेल**

कुनै पनि देशको मूर्त रूपमा विकास तथा समृद्धिको अनुभव गरिने भौतिक पक्षहरू जस्तैः पूर्वाधारमा, प्राविधिक तत्परतामा र आविष्कार एवम् नवीनतम् खोज हुन्छन् । यी तीन क्षेत्रहरूका बीचमा एक-आपसमा अन्योन्याश्रित गहिरो सम्बन्ध हुन्छ । यी सबै क्षेत्रहरूको उचित सम्मान हुने गरी प्रविधिमा, अनुसन्धानमा र प्राविधिक ज्ञानमा जोड दिने राजनीतिक तथा प्रशासनिक मुलुकलाई चाहिन्छ ।

तसर्थ स्वायत्त, प्राज्ञिक तथा अनुसन्धानमुखी जनशक्ति उत्पादन, विकास र प्रयोगमा जोड दिने शिक्षा पद्धतिको खोजी गर्ने विद्यालय तहको शिक्षामा जग हाल्ने तथा विश्वविद्यालयहरूको भूमिका महल बनाउने हैसियतको निर्धारण गर्ने कार्यमा राज्यको संवेदनशीलता स्पष्ट पार्ने र शिक्षा प्रणाली, सञ्चालन विधि, प्रक्रिया र गुणस्तर निर्धारण मापदण्ड लागू गर्ने सरकारको दृष्टिकोण अनिवार्य चाहिन्छ ।

नेपाल पनि विश्वमा उपलब्ध सबै सेवा-सुविधायुक्त हुन चाहन्छ । तर, नेपालमा सञ्चालित सबै ११ वटा विश्वविद्यालयको कुल दुई हजार एक सय आठ शैक्षिक कार्यक्रममा कुल ९० प्रतिशत साधारण धारको जनशक्ति उत्पादन हुन्छ । मुलुकको उच्च शिक्षाले विषय तथा क्षेत्रगत जनशक्ति विकासको समग्र नेतृत्व गर्न सक्नु पर्दछ । देहायका पक्षमा मुलुकको शिक्षा प्रणालीलाई आबद्ध गर्ने तथा रूपान्तरणमा लैजाने प्राज्ञिक, प्राविधिक तथा प्रशासनिक र व्यवस्थापकीय नैतिक सहास तथा दूरगामी दृष्टिकोण राज्य नेतृत्वले राख्नै पर्दछ :

१) आधारभूत तह, माध्यमिक तहदेखि विश्वविद्यालय तहसम्मको अध्ययन, प्राध्यापन तथा व्यवस्थापन कार्यमा संलग्न हुने शिक्षक, प्राध्यापक तथा कर्मचारीहरूको योग्यता, क्षमता, अनुसन्धान लगायतको भर्ना तथा छनोटका लागि स्वायत्त शिक्षा सेवा आयोग तथा सबै राष्ट्रिय विश्वविद्यालयहरूमा लागू हुने गरी एउटै विश्वविद्यालय सेवा आयोग गठन हुनुपर्ने ।

२) विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मका शिक्षक तथा प्राध्यापक र कर्मचारी भर्ना तथा पदोन्नति सम्बन्धी नयाँ नीति निर्माण गरी विशिष्टीकृत सेवा प्रवेश अनुमति पत्रको अनिवार्य व्यवस्था गर्ने ।

३) विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मका शिक्षक तथा प्राध्यापक र कर्मचारीको योग्यता, सीप परीक्षण, अनुसन्धान क्षमता तथा प्रकाशन र सोको स्तरीयता, कक्षा वहन तथा जिम्मेवारीका आधारमा हरेक पाँच वर्षमा पुनः योग्यता परीक्षण र नियुक्ति तथा पदोन्नतिको व्यवस्था गर्ने ।

४) शैक्षिक गुणस्तरीय मापदण्डको आधारमा प्रत्यायन प्रणालीको सुविधा पाएका शैक्षिक संस्थाहरूबाट प्रथम श्रेणीमा स्नातक तथा स्नातकोत्तर एवम् विद्यावारिधि प्राप्त एवम् दक्ष जनशक्तिलाई विशेष सुविधासहित तहका लागि निर्धारित योग्यता प्राप्त नागरिकलाई शिक्षक सेवा आयोग तथा विश्वविद्यालय सेवा आयोगको मापदण्डको आधारमा विद्यालय शिक्षामा शिक्षक तथा विश्वविद्यालयमा प्राध्यापनका निम्ति आकर्षण गर्ने ।

५) पानीजहाज, रेल यातायात, सुरुङ प्रविधि, खनिज अन्वेषण, जलासययुक्त जलविद्युत् आयोजना जस्ता क्षेत्रहरूमा आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन, विकास तथा प्रयोगमा जोडदिने शिक्षा पद्धतिको खोजी गर्ने ।



६) विशिष्टीकृत प्राविधिक विश्वविद्यालय स्थापना गर्नुका साथै रोजगारमूलक शिक्षाका निम्ति सञ्चालनमा रहेका शैक्षिक निकाय, विश्वविद्यालयहरूलाई गुणात्मक पक्षबाट स्थानीय आवश्यकता अनुसार, श्रम बजारमा आउने परिवर्तन अनुसार सिप अपुग भएका क्षेत्रका जनशक्ति विकासमा जोड दिँदै, नियमित रूपमा पाठ्यक्रममा सुधार, परिवर्तन तथा परिमार्जन वा आमूल रूपान्तरण गर्ने ।

७) उच्च शिक्षा पद्धतिले आफैं बजार माग र आवश्यकता बमोजिमका निश्चित विषय र क्षेत्रसँगमात्र सम्बद्ध रहने र अरूलाई सम्बन्धन नदिने शर्तमा अन्तर्राष्ट्रिय स्तरका विश्वविद्यालय तथा शैक्षिक प्रतिष्ठानहरूको स्थापनालाई राज्यले प्रोत्साहन गर्ने तर हाल देशमा सञ्चालित अन्तर्राष्ट्रिय विश्वविद्यालयका अनुमति प्राप्त शिक्षण केन्द्रहरू तथा क्याम्पसहरूलाई क्रमशः समय तोकेर हटाउने ।

८) उच्च शिक्षाको भौगोलिक अवस्थिति, भौगोलिक चित्राङ्क, सामाजिक चित्राङ्कन गरी अनुकूलता तथा आवश्यकताको अध्ययन गरी उच्च शिक्षाका निम्ति उपयुक्त स्थान तथा विषयको प्राथमिकता सूची तयार पारी हाल सञ्चालनमा रहेका विद्यालय तहको प्राविधिक तथा व्यावसायिक शिक्षा र उच्च शिक्षा प्रदायक संस्थाको पुनर्स्थानान्तरण, पुनर्संरचना गरी न्यायमूलक बनाउने ।

९) उच्च शिक्षाका हरेक तह र विषयहरूको पाठ्यक्रम, अनुसन्धान तथा शिक्षण क्रियाकलापमा केन्द्रित गर्ने तथा स्नातक तथा स्नातकोत्तर तहका अन्तिम वर्षका विद्यार्थीलाई अनिवार्य एक वर्ष अभ्यास कार्यमा पठाउने नीति लागू गर्ने ।

१०) विषय क्षेत्र अनुसार रोजगारदाता पहिचान गरी उच्च प्रविधिको प्रयोग गर्दै हरेक विद्यार्थीलाई विषयगत क्षेत्रमा व्यवसायीकरणमा जोड दिने गरी उच्च शिक्षामा उत्पादन, व्यापार, सेवाको उत्पादकत्व वृद्धि गर्न सहयोग पुग्ने गरी आवधिक समय तोकेर पाठ्यक्रम निर्माण तथा परिमार्जन गर्ने ।

११) साधारण धारको शिक्षाको ९० प्रतिशत जनशक्ति उत्पादनको अवस्थालाई प्राविधिक शिक्षा र धेरै शैक्षिक निकायहरूलाई प्राविधिक विश्वविद्यालयमा रूपान्तरणका निम्ति काम थाल्ने ।

१२) विद्यमान पाठ्यक्रम निमार्ण तथा कार्यान्वयनका निम्ति आवश्यक भौतिक पूर्वाधार तथा प्रविधिको युक्तिसंगत निर्माण, विस्तार र राष्ट्रको आर्थिक तथा सामाजिक क्रियाकलापमा सहयोगी संरचनाको निर्माण गर्ने एवम् पाठ्यक्रम निमार्ण र सोको गुणस्तर प्रत्याभूत प्रणाली कार्य अभ्यासबाट सुनिश्चित गर्ने ।

१३) नेपाली श्रमशक्तिको कुल रोजगारीको ०.६ प्रतिशत मात्र वैज्ञानिक एवम् प्राविधिक पेशागत क्रियाकलापमा संलग्न राष्ट्रको अर्थतन्त्रमा टेवा पुर्याउन सक्ने विज्ञान तथा प्राविधिक जनशक्ति उत्पादन गर्न तथा अध्ययन, अनुसन्धानमा आधारित उद्यमशीलता र रोजगारी सिर्जना गर्न प्रविधिमूलक शिक्षामा आर्थिक लगानी वृद्धि गर्ने ।

१४) जनशक्तिको राष्ट्रिय माग, माग बमोजिमको पूर्तिको अवस्था, सीपको गुणस्तर र समय सान्दर्भिक सुधारका लागि विद्यालय तहदेखि विश्वविद्यालय सम्मको अध्ययन, अनुसन्धानमा जोड दिँदैं, जनशक्ति विकासमा राज्य, सरकार सचेत हुने ।

१५) राज्यको सामाजिक-आर्थिक विकासका लागि आवश्यक पर्ने गुणस्तरीय शिक्षाबाट दक्ष जनशक्ति तयार गर्ने नीति तर्जुमा गर्ने र क्षेत्रगत विज्ञहरू तयार पार्ने कार्यमा सरकार संवेदनशील हुने ।

१६) नेपालको सन्दर्भमा उच्च शिक्षा प्रणाली तथा व्यवस्थापकीय पक्षमा हस्तक्षेपकारी अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन रणनीति अवलम्वन गरी शिक्षाको समग्र विकृति, विसंगति तथा असफलतालाई निराकरण गरी गुणात्मक, विश्वसनीय, दक्ष जनशक्ति विकासबाट माग र पूर्तिमा सन्तुलन कायम गर्न प्रतिबद्ध प्राज्ञिक तटस्थ पदाधिकारी नेतृत्वमा पुग्ने ऐनकानून जारी गर्ने ।

१७) राष्ट्रिय आवश्यकतामा केन्द्रित अनुसन्धानलाई सम्वन्धित विषय क्षेत्र तथा आधिकारिक निकायमा सूचित गर्ने र उपयागे गर्ने परम्पराको थालनी विश्वविद्यालयहरूले गर्ने ।

१८) विश्वविद्यालयबाट उत्पादित जनशक्ति गुणस्तरीय, असल नागरिक, र राष्ट्रिय आवश्यकता पूर्ति गर्न सक्ने सुनिश्चितता गर्ने र विश्वविद्यालय शिक्षाका शिक्षण सिकाइलाई उद्यमशीलता र रोजगारी सिर्जना गर्ने कार्यक्रमसँग बढीभन्दा बढी आबद्ध गर्ने र विश्वविद्यालयहरूलाई आत्मनिर्भर र प्रतिस्पर्धी बनाउने ।

१९) विश्वसनीय तथ्यपरक सूचना प्रवाह प्रक्रियाबाट मानव संशाधन प्रक्षेपण गर्न रोजगारदाता र रोजगार सूचना प्रवाह प्रणाली विकास गरेर राष्ट्रिय योजना आयोगले सबै तह र क्षेत्रबाट स्वचालित प्रक्रियाबाट सबै तथ्यांक जानकारी प्राप्त हुने सफ्टवेर निर्माण तथा व्यवस्थित गर्ने र विश्वविद्यालयहरूलाई त्यसै अनुरूप जनशक्ति उत्पादनमा जोड्ने ।

माथिका विधि, प्रक्रिया र मापदण्डका आधारमा राष्ट्रिय तहमा जनशक्ति विकास र प्रयोगले मुलुकको सर्वाङ्गिण विकास हुने विश्वास गर्न सकिन्छ ।

*(पोखरेल शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिव हुन् ।) इकागज*

## शनिश्चरे-अर्जुनधारा खानेपानीको २८औं सभा

**अर्जुनधारा, माघ २।** अर्जुनधारा-८ स्थित शनिश्चरे-अर्जुनधारा खानेपानी तथा सरसफाई उपभोक्ता समितिको २८औं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

समितिका अध्यक्ष किरण शिवाकोटीको अध्यक्षतामा आयोजित उक्त कार्यक्रमको प्रमुख अतिथि समितिका सल्लाहकार संयोजक केदारमणि ढकालले उद्घाटन गरेका थिए । समितिका अध्यक्ष शिवाकोटीले संस्थाको गत आर्थिक वर्ष ०७८/०७९को वार्षिक प्रगति प्रतिवेदन र सचिव राकेश ढकालले आय-व्यय विवरणसहितको आर्थिक प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए ।

प्रस्तुत प्रतिवेदनमा अर्जुनधारा-९ स्थित मगरचोकमा नवनिर्मित ४.५ घनमिटर क्षमताको ओभरहेड ट्यांकी सञ्चालनमा आएको, नयाँ धारा जडानको शुल्कलाई संशोधन गरी नौ हजार नौ सय ९९ रुपैयाँ कायम गरेको, अति विपन्न अपाङ्ग असहाय दलित र पिछडा वर्गका लागि समितिले अनुगमन गरि योग्य ठहरिएमा नयाँ धारा जडान शुल्कमा २५ प्रतिशत छुटको व्यवस्था, राजु भट्टराईको घर छेउबाट स्वस्तिका स्कूल हुँदै बिजुली अफिस छेउसम्म अनुमानित १.५ किलोमिटर पाइपलाइन विस्तार गरी सञ्चालनमा आएको लगायत रहेका छन् ।

संस्थाको गत आर्थिक वर्षको जम्मा आम्दानी ६६ लाख २९ हजार एक सय ५६ रुपैयाँ २४ पैसा र जम्मा खर्च ५९ लाख ६८ हजार छ सय २९ रुपैयाँ ९६ पैसा उल्लेख गरिएको छ । त्यसैगरी चालु आर्थिक वर्ष ०७९/०८०को मंसीरसम्म ३२ लाख ४२ हजार पाँच सय २३ रुपैयाँ ३६ पैसा आम्दानी गरेको संस्थाले चालु आर्थिक वर्षमा अनुमानित एक करोड ३० लाख ६५ हजार रुपैयाँ आम्दानी गर्ने लक्ष्य लिएको छ ।

कार्यक्रममा वडाध्यक्षद्वय भीष्म मिश्र र हरिशचन्द्र बाँस्तोला, सल्लाहकार सदस्य लवकुश गिरी, पूर्व अध्यक्ष छत्रमणि ढकाल लगायतले शुभकामना मन्तव्य राखेका थिए । समितिका उपाध्यक्ष किरण वनले स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन सचिव ढकालले गरेका थिए ।

## कार्यविधि विपरीत गठित शिक्षा समिति खारेज



**भद्रपुर, माघ २।** भद्रपुर नगरपालिकाले अन्ततः शिक्षा कार्यविधि विपरीत गठित शिक्षा समिति र त्यस समितिले गरेको सम्पूर्ण निर्णय खारेज गरेको छ ।

नगर प्रमुख गणेश पोखरेलले असन्तुष्ट बनेका जनप्रतिनिधिहरु समक्ष शिक्षा समितिको सम्पूर्ण निर्णय खारेज गर्ने मौखिक सहमति जनाएपछि नगर कार्यपालिकाको बैठक बसेको थियो । नगर कार्यपालिका बैठकको पहिलो प्रस्तावमै शिक्षा कार्यविधि विपरीत गठित शिक्षा समिति र त्यस समितिले गरेको सम्पूर्ण निर्णय खारेज गर्ने निर्णय गरिएको कार्यपालिका सदस्य विवेक राजवंशीले जानकारी दिए ।

साथै सोही बैठकले नगर शिक्षा कार्यविधि बमोजिम शिक्षा समितिमा कार्यपालिकाबाटै एक महिला र एक दलित गरी तीन जना सदस्य मनोनित गर्नुपर्ने व्यवस्था छ । सोही व्यवस्था अनुसार शिक्षा समितिको महिला सदस्यमा सीता गुरुङ, दलित सदस्यमा प्रशंसा ठटाल र खुला सदस्यमा विवेक राजवंशीलाई सदस्यमा मनोनीत गरिएको छ ।

'एकलौटी र मनोमानी ढङ्गले गठित शिक्षा समिति खारेज भयो' -राजवंशीले भने- 'अब कार्यपालिकाबाट चुनिएका तीन सदस्य, नगर प्रमुखसहितको बैठक बसेर नयाँ शिक्षा समिति विस्तार हुन्छ ।'

शिक्षा समिति खारेज नभएसम्म नेकपा (एमाले) का ११ जना र राप्रपाका तीन जना गरी १४ जना कार्यपालिका सदस्यहरूले शुक्रबारदेखि कार्यपालिका बैठक बहिष्कार गरेका थिए । नगरपालिकाले पुनः शनिबार बिहान ८ बजे डाकेको बैठक पनि उनीहरुले बहिष्कार गरेका थिए । निर्णय फिर्ता लिने जानकारी आएपछि दिउँसो साढे १ बजे कार्यपालिका बैठक बसेको थियो ।

यता कार्यपालिका बैठकले सङ्घीय समपूरक र विशेष अनुदानका योजना माग, स्थानीय तह संस्थागत स्वमुल्याकंन (एलआइएसए)को स्वमूल्याङ्कन, अस्थायी/करार/ज्यालादारी कर्मचारीको छ महिना म्याद थप्ने, जिल्ला दररेटमा नभएको सामग्रीको इकाई दररेट स्वीकृत गर्ने, गत साल अल्या भई पुस मसान्तसम्म म्याद थप भएका योजनाहरूको म्याद थप्ने, अघिल्लो कार्यपालिका बैठकको समीक्षा र अन्य विविध विषयका प्रस्तावहरू माथि छलफल गरी निर्णय गरिएको नगरपालिकाले जनाएको छ । निर्णयहरुको पूर्णपाठ सार्वजनिक गर्न बाँकी छ ।

## नेपाल मगर संघको कार्यक्रम



**अर्जुनधारा, माघ २।** माघे संक्रान्तिको अवसरमा अर्जुनधारा-१ स्थित नेपाल मगर संघ वडा इकाई समितिले विविध कार्यक्रम गरी मनाएको छ ।

स्थानीय मगर बौद्ध विहार गुम्बाको प्राङ्गणमा समितिकी अध्यक्ष कुमारी बुर्जा मगरको अध्यक्षतामा आयोजित उक्त कार्यक्रमको प्रमुख अतिथि प्रतिनिधिसभा सदस्य इन्दिरा राना मगरले उद्घाटन गरेकी थिइन् ।

संघ झापाका पूर्व अध्यक्ष जगत राना मगरले माघे संक्रान्तिको औचित्यबारे जानकारी गराएको कार्यक्रममा प्रमुख अतिथि मगरसहित आठ जनालाई सम्मान गरिएको थियो । अन्य सम्मानित हुनेहरुमा अर्जुनधारा-१ वडा समितिका वडाध्यक्ष उपेन्द्र बस्नेत, सदस्यहरु इन्द्रकुमारी विश्वकर्मा, दिनेशकुमार घिमिरे, मदनकुमार लिमेल मगर र मुना खत्री, अर्जुनधारा-८ वडा समितिका सदस्य मनोजकुमार थापा मगर र जग्गादाता रेणुका बुर्जा मगर रहेका छन् ।

त्यसैगरी गुम्बाको अवस्था र विकासको लागि समितिकोतर्फबाट प्रमुख अतिथि मगरलाई ज्ञापन पत्र बुझाइएको थियो । त्यस्तै स्थानीय कलाकारहरुबाट सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा वडाध्यक्ष बस्नेत, वडा सदस्य मदनकुमार लिमेल मगर, गणेश आधारभूत विद्यालयका शिक्षक डिल्लीप्रसाद सुवेदी, स्थानीय अगुवा योगप्रसाद भट्टराई लगायतले मन्तव्य राखेका थिए । समितिकी सदस्य कमला खपाङ्गी मगरले स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन संघ झापाका पूर्व सदस्य सन्तबहादुर मगरले गरेका थिए ।

## बाह्रदशी जेसीजमा उप्रेती



**बाह्रदशी, माघ २।** बाह्रदशी जेसीजको अध्यक्षमा लक्ष्मीप्रसाद उप्रेती चयन भएका छन् ।

वर्ष २०२३ का लागि उप्रेती अध्यक्षमा चयन भएका हुन् । समितिको कार्यकारिणी उपाध्यक्षमा प्रकाश फुँयाल र तीर्थप्रसाद काफ्ले चयन भएका छन् ।

त्यस्तै कानूनी सल्लाहकारमा सदीक्षा खड्का, महासचिवमा खगेन्द्र सुवेदी र कोषाध्यक्षमा टंकबहादुर कार्की चयन भएका हुन् । समितिको सदस्यमा विश्वास गौतम, सञ्जय साह, भीष्म प्रसाई चयन भएका छन् ।

## बाह्रदशीमा आठौं राष्ट्रिय योग दिवस




**बाह्रदशी, माघ २।** बाह्रदशी गाउँपालिकाको आयुर्वेद स्वास्थ्य शाखाले आठौं राष्ट्रिय योग दिवस सम्पन्न गरेको छ ।

संविधानसभा सदस्य हरिबहादुर राजवंशीको प्रमुख आतिथ्यमा गाउँपालिका आयोजित कार्यक्रमका बीच योग दिवस सम्पन्न भएको हो । आयुर्वेद स्वास्थ्य शाखा प्रमुख जटाशंकर झाको अध्यक्षतामा भएको कार्यक्रममा योगका विषयमा जानकारी गराइनुका साथै योग आशन र तिनका फाइदाका विषयमा जानकारी दिइयो ।

कार्यक्रममा योगगुरु नारायण ढकाल र रुद्र ओलीले योगका विषयमा प्रकाश पारेका थिए । गाउँपालिका आयुर्वेद स्वास्थ्य शाखाका कर्मचारी जितेन्द्र पटेलले स्वागत गरेको कार्यक्रममा जनविकास माध्यमिक विद्यालय बाह्रदशी-४ का प्रधानाध्यापक श्यामनारायण गोश्वामी, पुँहातु जनज्योतिका शिक्षक शिव पोखरेल, बाह्रदशी-३ का निर्वतमान अध्यक्ष वीरेन्द्रप्रसाद राजवंशी, नेपाल रेडक्रस सोसाइटी प्रदेश नम्वर १ का कोषाध्यक्ष ओमप्रकाश गौतम, बाह्रदशी गाउँपालिका परिषद् सदस्य मानबहादुर राजवंशी, बाह्रदशी गाउँपालिका वडा नम्वर २ का वडाध्यक्ष भीमबहादुर कार्की लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

# सुरुङ्गामा प्रदेशस्तरीय भलिबल

**सुरुङ्गा, माघ २।** सुरुङ्गा जेसीज र कनकाई खेलकुद समितिको संयुक्त आयोजनामा सुरुङ्गामा १ नं. प्रदेशस्तरीय भलिबल प्रतियोगिता हुने भएको छ ।

सुरुङ्गा जेसीजको आयोजनामा स्थानीय होटल डिलाइटमा सम्पन्न पत्रकार भेटघाटमा खेलको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिइयो । आगामी माघ ३ गतेदेखि ७ गतेसम्म १ नं. प्रदेशभरका आठ वटा टिम समावेश गरी अन्तरपालिका पुरुष भलिबल प्रतियोगिता हुन लागेको हो । यो खेललाई कनकाई भलिबल कप-२०७९ नाम दिइएको छ । सन् २०१९ देखि सुरुङ्गा जेसीजले शुरु गरेको खेलको यो तेस्रो संस्करण हो । २००८ मा स्थापित सुरुङ्गा जेसीजले नेतृत्व विकास र व्यक्तित्व विकासका लागि विभिन्न विधाका प्रशिक्षण तथा खेलकुद प्रतियोगिता गराउँदै आएको छ ।

सुरुङ्गा जेसीज (२०२२) का अध्यक्ष सुष्मा न्यौपाने (उप्रेती)ले खेलको माध्यमबाट बन्द निषेधित शान्ति क्षेत्र कनकाई नगरको गरिमालाई मुलुकभरमै चिनाउने उद्देश्यले भलिबल खेल आयोजना गरिएको बताइन् । कन्काई मावि सुरुङ्गाको खेलमैदानमा हुने खुला नकआउट भलिबल खेलमा झापा गाउँपालिका, बुद्धशान्ति गाउँपालिका, भद्रपुर नगरपालिका, शिवसताक्षी नगरपालिका, दमक नगरपालिका, बेलबारी नगरपालिका (मोरङ), चुलाचुली गाउँपालिका (इलाम) र गौरादह नगरपालिका गरी आठ वटा टिमको सहभागिता रहने खेलकुद संयोजक प्रतापबाबु जमरकट्टेलले जानकारी दिए । विभिन्न पालिकाले आफ्ना टिममा बंगलादेश, भारत र पाकिस्तानका साथै नेपालका राष्ट्रिय टिमका खेलाडी समावेश गरेका



कारण यो प्रतियोगिता धेरै रोचक हुने सुरुङ्गा जेसीज-२०२२ का महासचिव राजु पाठकले बताए । महासचिव पाठकले दिएको जानकारी अनुसार खेलको मुख्य प्रायोजन नेपाल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, प्रायोजन ओसिएन एजुकेशन एण्ड भिजा प्रोसेसिङ र सहप्रायोजन खेलप्रेमी नरेन्द्र मेचेले गरेका छन् । प्रथम पुरस्कार एक लाख ११ हजार एक सय ११ रुपैयाँको प्रायोजन हाल कतारमा व्यवसाय गर्दै आएका पति-पत्नी विकास प्रसाईं र अनु प्रसाईंले गरेका छन् भने द्वितीय पुरस्कार ६१ हजार एक सय ११ रुपैयाँको प्रायोजन कनकाई नगरपालिका-३ निवासी पर्यटन व्यवसायी बीरेन्द्र मैनालीले गरेका छन् ।

त्यस्तै, तृतीय पुरस्कार २५ हजार रुपैयाँको प्रायोजन आई.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनीले गरेको छ । खेल सम्पन्न गर्न १२ लाख ३६ हजार रुपैयाँ आम्दानी-खर्चको अनुमानित बजेट बनाइएको छ । स्थानीय सरकार कनकाई नगरपालिका खेलको मुख्य संरक्षक रहेको छ भने कनकाई नगरपालिकाका सबै वार्डबाट खेल सम्पन्न गर्न सहयोग हुनेछ । त्यस्तै, झापाका स्थानीय तहहरू झापा गाउँपालिका, हल्दिबारी गापा, शिवसताक्षी नगरपालिका, अर्जुनधारा नपा, बिर्तामोड नपा, भद्रपुर नपाबाट पनि आर्थिक सहयोग जुटेको छ । खेलमा बेस्ट स्पाइकर, बेस्ट ब्लकर, बेस्ट डिफेन्स, बेस्ट क्वीकर जनहीलाई पाँच हजार एक सय रुपैयाँ तथा ट्रफी प्रदान गरिने छ भने म्यान अफ द सिरिजलाई डाइस्टार कम्पनीको २४ इञ्च रंगीन टेलिभिजन प्रदान गरिने छ । खेल सम्पन्न गर्न सुरुङ्गा जेसीज-२०२२ का अध्यक्ष सुष्मा न्यौपाने (उप्रेती)को संयोजकत्वमा सुरुङ्गा जेसीजको सम्पूर्ण कार्यसमिति र कनकाई खेलकुद समितिको तर्फबाट गोविन्द उप्रेती र वकिल विक रहेको मूल आयोजक समिति गठन गरिएको छ ।

आज माघ ३ गते उद्घाटन खेल दमक र भद्रपुरबीच हुने भएको छ । खेल तालिका अनुसार ४ गते झापा गाउँपालिका र बेलबारी नगरपालिका, ५ गते शिवसताक्षी र गौरादह तथा सोही दिन चुलाचुली र बुद्धशान्तिबीच प्रतिष्पर्धा हुने र ७ गते फाइनल खेल हुने छ । पत्रकार भेटघाट कार्यक्रममा कनकाई खेलकुद समितिका अध्यक्ष जबिन तिम्सिना, सुरुङ्गा जेसीजका पूर्व अध्यक्षहरू कुमारमणि पोखरेल, शिवकुमार कँडेल, कमल कट्टेल, सुरुङ्गा जेसीज-२०२२ का कार्यकारिणी उपाध्यक्ष दीपेन्द्र प्रधान, प्रकरण निर्देशक राजकुमार कट्टेल लगायतको उपस्थिति रहेको थियो ।

## बटुकलाई न्यानो कपडा वितरण



**झिलझिले, माघ २।** रुद्र-गौरी-अम्बिका प्रतिष्ठानका केन्द्रीय कोषाध्यक्ष गोपाल ओली र उनकी धर्मपत्नी तुलसादेवीले सताक्षीधाम संस्कृत गुरुकुलका बटुकलाई जाडोमा लगाउने न्यानो कपडा तथा जुत्ता प्रदान गरेका छन् ।

समाजसेवी ओलीले झापाका विभिन्न ठाउँमा यसअघि पनि कुनै न कुनै प्रकारको सहयोग गर्दै आएका थिए । शिवसताक्षी नगरपालिका वडा नं. ७ व्याँङ्डाडा स्थायी घर भएका ओली तीन दशकदेखि समाजसेवामा सक्रिय छन् । झिलझिलेमा केन्द्रीय कार्यालय रहेको छिमेकी बचत तथा ऋण सहकारी संस्थाको संचालक समिति सदस्य समेत रहेका ओली जिल्लाका अन्य सामाजिक संघ-संस्थामा समेत आवद्ध छन् ।

थोपा-थोपा पानीले समुन्द्र बन्छ भने झैं एक-एक जनाको सहयोग एकमुष्ठ रुपमा ठूलो हुने गरेको उनको भनाइ छ । यसले कसैलाई दुःख, कष्टबाट मुक्त दिलाउनुका साथै आत्म सन्तुष्टी समेत मिल्ने गरेको बताए । उनले मानवीय प्रवृत्तिले हामीलाई श्रेष्ठ बनाउने बताउँदै पूर्वीय संस्कारमा दान र दुःखमा परेकालाई सहयोग गर्न प्रेरित गरेको बताए ।

विद्यालयका बटुक, सताक्षीधाम क्षेत्रमा रहेका विभिन्न मन्दिरका पुजारीलाई ट्र्याक सुट र जुत्ता प्रदान गरेका थिए । अन्यलाई तिलक लगाई दिएर दक्षिणा प्रदान गरेका थिए । कार्यक्रममा छिमेकी बचत तथा ऋण सहकारी संस्थाका कार्यकारी प्रमुख नविन ओली, सञ्चालक समिति सदस्य पर्शुराम ढुंगाना लगायतको सहभागिता रहेको थियो ।

## कृपालुजी महाराजको जगतगुरुत्तम दिवस



**बिर्तामोड, माघ २।** पञ्चम मुल जगतगुरु कृपालुजी महाराजको ६६औं जगतगुरुत्तम दिवस गौसेवा लगायत विविध कार्यक्रका बीच सम्पन्न गरिएको छ ।

काशी विद्धत परिषद्ले १४ जनवरी १९५७ वि.सं. २०१३ सालमा श्री कृपालुजी महाराजलाई पञ्चम मुल जगतगुरुत्तम उपाधिले विभुषित गरेको थियो । शिवसताक्षी धामको गोलोक गोवर्द्धन गौशालामा उपस्थित भई बिर्तामोडका साधकहरुले गौसेवाका लागि आवश्यक पर्ने चोकर नुन, ब्राण्ड लगायतका सामग्रीहरु उपलब्ध गराएका थिए ।

उक्त अवसरमा गोलोक गोर्वद्धन गौशालाका संस्थापक नन्दकिशोर भारद्धाज, प्राचार्य मदनमोहन अधिकारी, शिक्षक गुरुहरु गोविन्द शरण, तुलसी निरौला लगायत गौसेवक र विद्यार्थीहरु सताक्षीधाम धार्मिक पर्यटकीयका सचिव कालीप्रसाद रिजाल, सदस्य पर्शुराम लगायतको सहभागिता रहेको थियो ।

उक्त अवसरमा कृपालुजी महाराजका अनुयायी ३० जनाभन्दा बढी भक्तहरुको उपस्थितीले महाराजजीको आरती र किर्तन गरेका थिए । गौशालाका संस्थापक नन्दकिशोर भारद्धाजले गौशाला र महाराजजीको विषयमा प्रकाश पारेका थिए । त्यस अवसरमा प्राचार्य गोविन्द शरणले गौमाता सम्बन्धी कविता वाचन गरेका थिए । कार्यक्रमको औचित्यमाथि प्रकाश र कार्यक्रमको सञ्चालन चन्द्रकान्त ढकालले गरेका थिए ।

# अरूणोदय साकोसको १०औं सभा

**अर्जुनधारा, माघ २।** बिर्तामोड-५ स्थत अरुणोदय बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १०औं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

बिर्तामोडस्थित अग्रसेन भवनको सभाहलमा संस्था सञ्चालक समितिका अध्यक्ष ताराप्रसाद नेपालको अध्यक्षतामा आयोजित उक्त सभाको प्रमुख अतिथि बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्र संग्रौलाले उद्घाटन गरेका थिए । कार्यक्रममा संस्थाका अध्यक्ष नेपालले गत आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रगति प्रतिवेदन र लेखा समितिका संयोजक इन्द्रकमल खनालले लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

प्रस्तुत प्रतिवेदनमा संस्थाको जम्मा शेयर पूँजी ९२ लाख २२ हजार चार सय रुपैयाँ, निक्षेप संकलन १७ करोड ९४ लाख २७ हजार पाँच सय ५६ रुपैयाँ ९८ पैसा, कर्जा लगानी छ करोड ५६ लाख ७१ हजार एक सय ४५ रुपैयाँ उल्लेख गरिएको छ । त्यसैगरी गत आर्थिक वर्षमा संस्थाको जम्मा आम्दानी ९७ लाख पाँच हजार तीन सय ९८ रुपैयाँ दुई पैसा, जम्मा खर्च ९० लाख २२ हजार ४५ रुपैयाँ ४३ पैसा र नाफा छ लाख ४८ हजार पाँच सय ४९ रुपैयाँ रहेको छ । त्यस्तै चालू आर्थिक वर्ष



२०७९/०८० को लागि अनुमानित ७२ करोड ८७ लाख रुपैयाँ बराबरको बजेट कार्यक्रममा पेश गरिएको थियो ।

सोही कार्यक्रममा असल ऋणीतर्फ डिकबहादुर विक, उत्कृष्ट बचतकर्तातर्फ ओमप्रकाश निरौला, उत्कृष्ट बाल बचतकर्तातर्फ निश्चल लोक्ताम लिम्बू, उत्कृष्ट कर्मचारी भीमा बराल र पूर्व कार्यालय प्रमुख बालकृष्ण दाहाललाई सम्मानित गरिएको थियो ।

त्यस्तै गत शैक्षिक वर्ष २०७८ को एसईई परीक्षामा शेयर सदस्यका सन्तानहरु मध्ये उत्कृष्ट जीपीए ल्याउन सफल छात्रतर्फ प्रद्युम्न ढकाल (३.७०) र छात्रा सुम्मिना कार्की(३.२०)लाई प्रशंसा पत्रसहित नगद पुरस्कारबाट पुरस्कृत गरिएको थियो ।

सोही कार्यक्रमको बन्दसत्रले संस्था सञ्चालक समितिको रिक्त सदस्य पदमा बिर्तामोड निवासी लीला शिवाकोटी, धितो मूल्याङ्न उपसमितिको रिक्त सदस्य पदमा बुद्धशान्ति निवासी रोहित थापा र गत आर्थिक वर्षमा गठन भएको पाँच सदस्यीय अर्जुनधारा सेवाकेन्द्र सञ्चालक समितिलाई अनुमोदन गरेको अध्यक्ष नेपालले जानकारी दिए ।

बिर्तामोड नगर सभा सदस्य दुर्गाप्रसाद शिवाकोटी, बिर्तामोड नगर सहकारी शाखाका प्रमुख डिल्लीप्रसाद दाहाल, देवभूमि विद्यालयका संस्थापक सुमन शर्मा जम्मरकट्टेल लगायतले शुभकामना मन्तव्य राखेका थिए । समितिका उपाध्यक्ष विशाल क्षेत्रीले स्वागत गरेको उक्त सभाको सञ्चालन सचिव दीपक तिम्सिनाले र पूर्व कार्यालय प्रमुख दाहालले गरेका थिए ।


सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

THAKUR POLYCLINIC

यहि माघ ०७, शनिबारका दिन बिहान ८:०० देखि २:०० बजे सम्म

सहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र काठमाण्डौंका वरिष्ठ मुटुरोग विशेषज्ञ सेवा

अब बिर्तामोडमा



डा. रविन्द्र सिमखडा
MD (Internal Medicine) /DM (Cardiology)


के तपाईलाई तलका मध्ये समस्या भएको छ?
- रक्तचाप बढ्ने
- मुटुको ढुकढुकी बढ्ने
- श्वाश फुल्ने
- ऊकालो चढ्न नसक्ने
- बाथ
- मुटुको बाथ
- छाति दुख्ने
- राति निद्रा नलाग्ने
- मधुमेह
- थाईराईड
- मुटुको चालमा गडवड

अग्रिम बुकिङ्गका लागि सम्पर्क न.

THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
(Opposite of Paschim Bus Stand)
(+977)023-590008
(+977)9817964771

**पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई** बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झन्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



9825927477 / 9806090781
9849504771 / 9842695884

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२, ९८०१३६४०९३


## बिर्तामोड नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल**

## इन्टरनेट केवल तथा टि.भी केवल तार व्यवस्थापन सम्बन्धी सार्वजनिक सूचना

यस बिर्तामोड नगरपालिका अन्तर्गतका नेपाल विद्युत प्राधिकरण र नेपाल टेलिकमले विस्तार गरेका बिजुलीका पोल तथा टेलिकमका पोलहरुमा विभिन्न इन्टरनेट केबल तथा टि.भि. केवलले जथाभावी रुपमा केबल तारहरु झुण्ड्याई नगरको सौर्दयतालाई समेत असर पार्ने गरी राखिएको पाइएकाले अब उप्रान्त उक्त कार्य रोकी निम्न बमोजिम गर्न/गराउनु हुन भनी यस अगावै सेवा प्रदायक संस्थाहरुलाई लेखी पठाइएकोमा हालसम्म पनि उक्त कार्य नभएको पाइएकोले आजका मितिले ३५ दिनभित्रमा निम्नानुसारको कार्य गर्न/गराउनु हुन जानकारी गराइन्छ । साथै उक्त अवधिमा सो कार्य नभएको पाइएमा नगरपालिकाले कानून बमोजिम कारवाही गर्ने समेतको व्यहोरा सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निम्न :**

१. आफ्नो केवलको पहिचान हुने गरी लेबल (ट्याग) लगाउने ।
२. इनएक्टीभ तार सबै हटाउने ।
३. कानून बमोजिम रजिष्ट्रेशन नभएका केवलहरुले रजिष्ट्रेशन गर्ने ।
४. सम्झौता नभएका संस्थाले सम्बन्धित पक्षसँग सम्झौता गरी पेश गर्ने ।


**छापाखाना**

क्यालेण्डर | विवाह कार्ड | बिल, भौचर | फ्लेक्स प्रिन्ट | स्टाम (छाप) | कप, टि-सर्ट | लेमिनेशन | फोटोकपी

आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधै सम्झनुहोस् ।
७ बार १२ महिना संचालनमा
घिमिरे अफसेट प्रेस
अतिथिसदन उत्तर पट्टिको घर
फोन नं. : ०२३-५९०१५९,
अफिस: ९७४६८७९७०२
९८४२६२५३५३, ९८१४०३६३४४

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680


सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, यात्रा हुनाले मन हर्षित रहला ।

**बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -**
स्वास्थ्य प्रतिकुल बनेर गयो, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
स्वास्थ्य सम्बन्धी समस्याले सताउन सक्छ, पशु चौपाया तथा व्यापार, व्यवसायबाट यथेष्ठ लाभ नमिल्नाले मन चिन्तित रहला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग रहेको हुनाले मन प्रफुल्ल रहला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -**
मेहनतले राम्रो परिणाम प्राप्त हुने छ, दिगो फाइदा हुने काम प्रारम्भ हुने समय रहेको छ, दाम्पत्य जीवन सुखी रहला, उत्साह बढ्ने योग रहेको छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
घरबाट कहिँ रमाइलो यात्राको तय हुनेछ, साथीभाइहरूले साथ दिनेछन् मनोरञ्जनमा ध्यान जानेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
समय शुभ फलदायी रहेको छ, मान-प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुऱ्याउनुहोला, धार्मिक गतिविधि बढेर जानेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाइँको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
धार्मिक तीर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइनेछ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहला ।